वनगाड कुपिण्डे नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ९ मितिः २१/१०/२०७५

भाग-२

वनगाड कुपिण्डे नगरपालिका

## वनगाड कुपिण्डे नगरपालिकाको कर्मचारी आचासंहिता, २०७५

**प्रस्तावना**

स्थानीय सरकार संचालनलाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई शुसासनको प्रत्याभूति दिलाउन तथा वनगाड कुपिण्डे नगरपालिकालाई विश्वासिलो शासन इकाईका रुपमा सुदृढीकरण गर्नका लागि समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृतिप्रति सम्मान र सहअस्तित्वको भावनाको विकास गरी प्रजातान्त्रिक मूल्य र मान्यता एवम् स्थानीय सरकारमा व्यापक सहभागिता, प्रजातान्त्रिक आचरण र क्रियाकलापहरुलाई संस्थागत गर्न, प्रचलित कानुन, विकेन्द्रीकरणका मान्य सिद्धान्त तथा नीतिहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ को भावना र प्रावधानहरुको इमान्दारी तथा निष्पक्षरुपमा प्रभावकारी कार्यान्वयन गर्न वनगाड नगरपालिकाको परिषदवाट यो वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुको आचारसंहिता, २०७५ स्वीकृत गरी यसका आधारमा सदाचारयुक्त, स्वच्छ र नैतिक आचरणयुक्त जीवनचर्याका लागि हामी वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारी/कर्मचारीहरु/जनप्रतिनिधिहरु सदा प्रतिवद्ध रहनेछौं ।



CamScanner

## भाग – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस अचारसंहिताको नाम " वनगाड कुपिण्डे नगरपालिकाका कर्मचारीहरुको आचारसंहिता, २०७५" रहेको छ ।
(२) यसमा उल्लेखित आचारहरु वनगाड कुपिण्डे नगरपालिकाको परिषदबाट पारित भएका मितिदेखि लागु हुनेछन् ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) "वनगाड कुपिण्डे नगरपालिका" भन्नाले स्थानीयसरकार संचालन ऐन, २०७४ बमोजिम गठित शारदा नगरपालिकालाई जनाउनेछ ।

(ख) "आचारसंहिता" भन्नालवनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुको आचारसंहिता, २०७५ लाई जनाउनेछ ।

(ग) "अनुगमन समिति" भन्नाले यस आचारसंहिताको नियम (२४) अनुसार गठित अनुगमन समितिलाई सम्झनुपर्छ ।

(घ "कर्मचारी" भन्नाले जुनसुकै तवरबाट नियुक्त भइ जुनसुकै श्रोतबाट पारिश्रमिक प्राप्त गर्ने वनगाड कुपिण्डे नगरपालिकामाकार्यरत विभिन्न तह र श्रेणीका कर्मचारीहरु समेतलाई सम्झनुपर्दछ ।

(ङ) "ऐन", भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(च) "पदाधिकारी" भन्नाले शारदा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य, मनोनित सदस्यहरु र वनगाड कुपिण्डे नगरपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वासल्लाहकार समिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनुपर्दछ ।

छ) "परिषद" भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको परिषदलाई वुझाउनेछ ।

ज) "कार्यसमिति" भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको बोर्डलाई वुझाउनेछ ।

झ) "जनप्रतिनिधि" भन्नाले प्रचलित कानून अनुसार वनगाड कुपिण्डे नगरपालिकाका कार्यसमिति वा परिषदमा निर्वाचित वा मनोनित जनप्रतिनिधिहरुलाई वुझाउनेछ ।

ञ) "सचिव" भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको सचिव वा सचिवको काम गर्न तोकिएको पदाधिकारीलाई सम्झनुपर्दछ ।

ट) "सेवा प्रवाह" भन्नाले वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारी र कर्मचारीले जनतालाई पुऱ्याउने सेवा वा सुविधा सम्झनु पर्दछ ।

ठ) "सेवा ग्राही" भन्नाले वनगाड कुपिण्डे नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सेवा लिन आउनेहरुलाई सम्झनु पर्दछ ।

## भाग – २
## पदाधिकारीको आचारहरु

३. **पदाधिकारीहरुले गर्न हुने र नहुने सामान्य आचारहरुका सम्बन्धमा:** जनप्रतिनिधि र पदाधिकारीहरुले देहायमा उल्लेखित आचारहरु पालन गर्नु पर्नेछ,

**(१) स्थानीय सरकार संचालनका मान्य सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने,**
स्थानीय सरकार संचालन र विकेन्द्रीकरणका सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय निकायको स्वायत्ततालाई अनादर गर्ने, वनगाड कुपिण्डे नगरपालिकाका जनताप्रतिको उत्तरदायित्वलाई अस्विकार गर्ने,वनगाड कुपिण्डे नगरपालिका र साझेदार संघ संस्थासंगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन ।
तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित बिषयमा अनुसन्धानमुलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

**(२) वनगाड कुपिण्डे नगरपालिकाका साधनश्रोतको दुरुपयोग गर्न नहुने :** कानून बमोजिम आफूले पाउने पारिश्रमिक वा अन्य सेवा सुविधा वा भत्ता बाहेक वनगाड कुपिण्डे नगरपालिकाको साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारलेमास्न, खान, वा दुरुपयोग गर्नु वा गराउनु हुँदैन ।

**(३) ऐन, नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने,**
(क) वनगाड कुपिण्डे नगरपालिकाले कुनै कामका लागि जिम्मेवार भनी तोकिदिएको पदाधिकारीहरुले कानूनले तोकिएबमोजिमका पदाधिकारीहरुलाई पूर्व जानकारी नदिई आफ्नो सेवा दिने स्थान छोडी अन्यत्र जानु हुँदैन ।

(ख) पदाधिकारीहरुले प्रचलित कानूनमा तोकिएको भन्दा बढि समयका लागि आफ्नो कार्यक्षेत्र छोड्नुपर्दा कानूनले तोकेबमोजिमका जनप्रतिनिधि वा पदाधिकारीलाई आफ्नो पदको अख्तियारी नदिई जानु हुदैन ।

**(४) प्रचलित कानूनूले दिएको अधिकार बाहेकका काम गरिदिन्छु भनी आश्वासन दिन नहुने,**
(क) प्रचलित कानून अनुसार जनतालाई आफ्नो अधिकार क्षेत्रभित्र रही छिटोछरितो प्रकृया वा साधनबाट सेवा वा सूचना प्रदान गर्न इन्कार गर्नु हुँदैन ।

(ख) कानून वमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक झंझट थप्ने वा आफ्नो अधिकारक्षेत्र वाहिरको काम गरी गराईदिनेछुं भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वागराउनु हुँदैन ।

(ग) वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीहरुले ऐनले तोकिएको योजना तर्जुमा प्रकृयाको जानकारी नदिई कुनैव्यक्ति, संस्था वा समुदायलाई वनगाड कुपिण्डे नगरपालिकाको योजना बाहेकका कुनै कार्यक्रम वा योजना स्वीकृतगरी वा गराईदिने आश्वासन दिनु हुँदैन ।

(घ) आफूले गर्न नमिल्ने वा नसकिने कुराको जानकारी सम्बन्धित व्यक्तिलाई तत्काल दिनुपर्नेछ ।

**(५) राजनीतिक आस्था एवम् सामाजिक भेदभावले बढावा पाउने आचारहरु गर्न नहुने,**
(क) राजनैतिक आस्था वा विचारका आधारमा कार्यसमिति वा परिषदका सदस्यहरु वा कर्मचारीहरु वा सेवाग्राही तथा आम नागरिकहरुसंग तेरोमेरोको भावना राखी कुनै नीति निर्माण वा निर्णय गर्नु गराउनु हुदैन ।

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नु हुँदैन र कुनै विचार व्यक्त गर्दा जातीय वा धार्मिक भेदभाव जनाउने खालका उखान टुक्का वा कुनै जात वा धर्म वर्ण समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शब्दहरुको प्रयोग गर्नु हुदैन ।

(ग) कसैलाई कुनैपनि जातजाति, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा भेदभाव गर्नु हुँदैन तथा समुदायका कानुनी हकहित र मौलिक संस्कृतिप्रति बोली र व्यवहार दुबै तवरबाट सम्मान जाहेर गर्नु पर्दछ साथै उल्लेखित आधारमा कुनै एउटा वर्गको पक्षपोषण गर्नु हुँदैन ।

(घ) वनगाड कुपिण्डे नगरपालिकाबाट निर्णय दिनुपर्ने विवादित विषयहरु, नियुक्ति वा सेवा सुविधा दिने वा लिने कुराहरुमा निष्पक्ष रुपबाट सरोकारवालाहरुको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर मात्र निर्णय दिनुपर्नेछ ।

(६) कार्यजिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने :
पदाधिकारीहरुबीच महिला वा पुरुष, मनोनित वा निर्वाचित, जातजाति वा राजनीतिक आस्थाका आधारमा जिम्मेवारीको बाँडफाँड वा अधिकार वा सुविधाको प्रयोग वा अन्य कुनै पनि नाममा भेदभाव गर्नु हुँदैन । तर महिला लगायत पिछडिएका वर्गहरुलाई विशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन ।

(७) कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने,

(क) जनप्रतिनिधि र पदाधिकारीहरुले सबैसंग शिष्ट र मर्यादित शब्दको प्रयोग गर्नुपर्नेछ र शालिन र स्वभाविक सामाजिक आचारहरु गर्नुपर्नेछ । जनतासंग हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ ।

(ख) पदाधिकारीहरुले कार्यसमितिका अन्य सदस्यहरु, परिषदका सदस्यहरु, वनगाड कुपिण्ड नगरपालिकामा कार्यरतकर्मचारीहरुप्रति सम्मानजनक व्यवहार गर्ने, एकअर्काप्रति झुटा लाञ्छना नलगाउने, रिस राग द्वेष नराख्ने, शिष्ट भाषाको प्रयोग गर्नु पर्ने तथा एकअर्काको विषयमा अनावश्यक टिकाटिप्पणी गर्नु वा अतिसयोक्तिपूर्ण अभिव्यक्ति दिनुहुँदैन ।

(ग) जनप्रतिनिधिहरुले कुनै जनप्रतिनिधि, पदाधिकारी वा कर्मचारीलाई वनगाड कुपिण्डे नगरपालिकाका वैठकमा कानूनमातोकिएको तवरले कुनै कुरा वोल्नबाट रोक्नु वा सोको लागि दवाव वा निर्देशन दिनु वा दिन लगाउनु हुँदैन ।

(घ) पदाधिकारीहरुले संस्थागतरुपमा कुनै धारणा व्यक्त गर्दा वनगाड कुपिण्डे नगरपालिका, यसका निर्णयहरु,जनप्रतिनिधि/पदाधिकारीहरु तथा कर्मचारीहरुप्रति अनादर जनाउने भाषा वा अभिव्यक्ति दिनु वा दिन लगाउनु हुदैन।

(ङ) पदाधिकारी तथा कर्मचारीहरुले एक अर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्नु पर्नेछ ।

(च) जनप्रतिनिधि तथा पदाधिकारीहरुले एकअर्काको व्यक्तिगतरुपमा टिका टिप्पणी गर्नु हुँदैन ।

(छ) पदाधिकारीको कामसँग सम्बन्धित विषयमा देखापरेका प्रवृत्ति वा मुद्धाका बिषयमा स्वस्थरुपमा एक अर्काका कमिकमजोरी तथा सवल पक्षहरुलाई औंल्याउनुपर्नेछ ।

(ज) पदाधिकारीहरुले एक अर्काका विषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथाटिप्पणीहरु राख्नुपर्नेछ र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नुपर्नेछ ।

**(८) विद्यमान सामाजिक मान्यता विरुद्धका आचारहरु गर्न नहुने,**

(क) कार्यालय समय वा पदीय काम गर्दा मादक वा लागु पदार्थको सेवन गर्नु हुँदैन र तोकिएको स्थान वाहेक कार्यालयहाता भित्र तथा सार्वजनिक सभा, समारोह, बैठक, आदि स्थलहरुमा धुम्रपान गर्नु हुँदैन ।

(ख) अन्धविश्वास, अपसंस्कृति, रुढीवाद जस्ता पुरातन एवम् अवैज्ञानिक मान्यता तथा चालचंलन र परम्पराका विरुद्धकोसामाजिक रुपान्तरण प्रकृयामा सक्रिय सहभागिता जनाउनु पर्दछ ।

(ग) जनप्रतिनिधि तथा पदाधिकारीहरुले सार्वजनिक स्थल तथा खुला ठाऊँमा जुवा, तास, बाजि लगाउने, आदि जस्ता व्यवहारहरु गर्नु हुँदैन ।

(घ) जनप्रतिनिधि तथा पदाधिकारीहरुले कानूनतः मानव अधिकारको हनन ठहरिने, कानूनले वन्देज लगाएका तथा वनगाड कुपिण्डे नगरपालिकाको परिषदले आफ्नो क्षेत्रभित्रसामाजिक मर्यादा विपरितका भनि तोकेका विभिन्न जातजाति तथा समुदायमा प्रचलित कुरितिहरुले बढावा पाउने व्यवहार गर्नु हुदैन ।

(ङ) विभिन्न जातजाति वा धर्म सम्प्रदायका प्रचलित सामाजिक संस्कारहरु जस्तै, विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, भोज, आदिमा समूदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नु हुदैन ।

(च) मध्यस्थकर्ताको हैसियतबाट कुनै निर्णय गर्दा राजनितिक, सामाजिक, आर्थिक वा कुनै पनि आधारमा तेरोमेरो भन्ने पक्ष नलिई तटस्थ भूमिका निर्वाह गर्नुपर्दछ ।

(छ) लिङ्ग, उमेर, भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरी अरुको सामाजिक संस्कार वा वर्गिय हकहितका विषयहरुमा नकारात्मक टिप्पणीगर्नु हुँदैन ।

**वनगाड कुपिण्डे नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधाहरुको सूचना दिनुपर्ने,**

) वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीहरुले आफूले प्रतिनिधित्व गरेका संस्थामा भएका निर्णयहरुको जानकारी वनगाड कुपिण्डे नगरपालिकालाई दिनु पर्नेछ ।

) सार्वजनिक भेटघाट तथा छलफलका कार्यविधि व्यवस्थित गर्दा सबैको लागि समानरुपमा लागू हुने प्रष्ट नियमहरु वनाई कार्यालयमा सार्वजनिक गर्नुपर्नेछ र सोहीअनुकुलको व्यवहार गरे नगरेको उपर सार्वजनिक सुनुवाईलाई स्वीकार गर्नुपर्नेछ ।

निर्वाचनका वखत व्यक्त प्रतिवद्धताको कार्यान्वयनमा निरन्तर लागिरहने र सोअनुसारको प्रगतिको सूचना समय समयमा जनतालाई दिनु पर्नेछ । तर प्रचलित कानून तथा आचारसंहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समूहलाई आर्थिक कारोवारमा लाभ वा हानी पुग्ने वा कसैकोसम्पति वा जिउ–ज्यानमा हानी नोक्सानी पुग्ने सूचनाहरु प्रसारण वा सार्वजनिक गर्नु वा गराउनु हुदैन ।

साथै कार्यालयसँग सम्बन्धित शान्ति सुरक्षा, वनगाड कुपिण्डे नगरपालिकाको स्वायत्तता, समुदायहरुको आपसि सम्बन्धमा खलल पर्ने खाले सूचनाहरु सार्वजनिक गर्नुवा गराउनु हुदैन ।

**) अनधिकृत काम गर्न गराउन नहुने :**

धिकारीहरुबाट आफूलाई प्राप्त अख्तियारीको कार्यान्वयन गर्दा देहायमा उल्लेखित आचरणहरु गर्नु गराउनु हुदैन ।

(क) प्रचलित कानून बमोजिम आफूलाई प्राप्त तजविजी अधिकारको प्रयोग गर्दा वदनियत वा स्वेच्छाचारीरुपमा गर्नु वा गराउनु हुँदैन । यस्तो अधिकारको प्रयोग व्यापकछलफल र सहभागितामूलकरुपमा मात्र गर्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग जे कामका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि गर्नुपर्छ र अन्य उद्देश्य वा कार्यका लागि सोअख्तियारीको प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(ग) आफू वा अन्य कुनै व्यक्ति वा संस्थाबाट अन्य पदाधिकारी वा कार्यालय, संघसंस्था वा कर्मचारी वा व्यक्तिलाई अनधिकृत काम गराउनु हुँदैन ।

**(११) लैङ्गिक समानतामा आंच आउने व्यवहार गर्न नहुने :**

(क) जनप्रतिनिधि र पदाधिकारीहरुले फरक लिङ्गका जनप्रतिनिधि वा कर्मचारी वा सेवाग्राहीप्रति अस्वस्थआलोचना गर्ने, जिस्क्याउने तथा उनीहरुको मनोवल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै पनि माध्यमवाट कुनै यौनजन्य अस्लिल तस्विरहरुप्रकाशित गर्ने, प्रदर्शन गर्ने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहारहरु गर्नु वा गराउनु हुदैन ।

(ख) पदाधिकारीहरुले लेखेर, बोलेर, भाषण गरेर वा जुनसुकै माध्यमबाट पनि महिला तथा पुरुषका बीचमा भेदभाव जनाउने थेगो वा शव्दहरुको प्रयोग र सोअनुसारकोव्यवहार गर्नु गराउनु हुँदैन ।

(ग) लैङ्गिक तथा उमेरका आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरुलाई सार्वजनिक गर्नु पर्नेछ ।

(घ) आफ्नो परिवारमा बालश्रमिक राख्नु हुँदैन र समुदायमा बालश्रम वा बालशोषणका घटनाहरु घटेमा त्यस्ता घटनालाई जानकारीमा आउनासाथ सार्वजनिकगर्नु गराउनु पर्नेछ ।

**(१२) सार्वजनिक सम्पतिको प्रयोग तथा सुविधा सम्बन्धमा :**

(क) पदाधिकारीले आफू वा अन्य कुनै जनप्रतिनिधि वा कर्मचारीको सुविधाका लागि छुट्याईएको सेवा वा सुविधा वा भत्ता वनगाड कुपिण्डे नगरपालिकाको आन्तरिकश्रोतको कुल अंकको कति अंश हुन आउंछ भन्ने कुरा सम्वन्धित समितिमा छलफल गराउनुपर्नेछ ।

(ख) पदाधिकारीहरुले कानून बमोजिम तथा कार्यालय काममा वाहेक सरकारी सम्पतिहरु (जस्तै, मानव संसाधन, आर्थिक साधन श्रोत, भौतिक साधन श्रोत जस्तै, सवारीसाधन, कार्यालयका औजारहरु, टेलिफोन तथा आवास) को आफू वा अन्य कुनै व्यक्तिबाट प्रयोग वा उपयोग गर्नु वा गराउनु हुदैन ।

(ग) आफ्नो पदको दुरुपयोग गरेर कुनै समिति, संस्था वा व्यक्तिहरुबाट निजि सेवा तथा सुविधाहरु लिनु वा लिन लगाउनु हुदैन ।

(घ) वनगाड कुपिण्डे नगरपालिकाको सेवा प्राप्त गरे वा सार्वजनिक सम्पतिको प्रयोग गरेवापत जनप्रतिनिधि, पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्ति वा संस्थाले कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने कर, शुल्क, सेवादस्तुर, भाडा बुझाउनबाट छुट लिनेदिने गरी निर्णय गर्नु वा गराउनु हुँदैन ।

**(१३) नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा पालन गर्नुपर्ने आचारहरुका सम्बन्धमा :**

(१)वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधि, पदाधिकारीहरुले कुनै निर्णयमा संलग्न हुनुपूर्व देहायमा उल्लेखित विवरणहरु बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट हुनेरुलिङ्ग अनुसार वनगाड कुपिण्डे नगरपालिकाका सम्वन्धित बैठकमा प्रस्तुत गर्नुपर्नेछ ।

**(अ) निर्णय प्रकृयामा भाग लिनुपूर्व बैठकमा जानकारी दिनुपर्ने :**

(१) पदाधिकारीहरुले आफू समेत संलग्न भई नीति निर्माण वा निर्णय गर्नुपर्ने वनगाड कुपिण्डे नगरपालिकाका बैठकहरुमा छलफलमा भाग लिनुपूर्व सम्बन्धित परिषद, समिति, उपसमिति, कार्यदल, आयोग समक्ष देहाएमा उल्लेखित सूचनाहरुदिनुपर्नेछ :

(क) भर्ना प्रकृया, खरिद बिक्री वा ठेक्का पट्टाको निर्णय प्रकृया, कुनै किसमको दण्ड जरिवाना वा मिनाहा गर्ने निर्णय प्रकृया, कुनै पक्षसंगको सम्फौताको म्यादथप वा खारेजिका विषयमा वा त्यस्तै कुनै निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित व्यक्तिसँग आफ्नो कुनै स्वार्थ वा रिसइवि वा लेनदेन वा अन्य कुनै प्रकारकोनाता, सम्वन्ध रहेको कुरा,

ख) वनगाड कुपिण्डे नगरपालिकाको नीति निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुने व्यक्ति, संस्था, पक्ष वा कम्पनिसँग लिनुदिनु भए सोको बिवरणहरु,

ग) जनप्रतिनिधिको कुनै पेशा वा व्यवशायी संघसंस्थामा आफ्नो प्रतिनिधित्व, लगानी, शेयर, हित वा स्वार्थ निहित भए सोको बिवरण र त्यस्तो काममा लगाउनेसंस्था सम्बन्धी बिबरणहरु, उल्लेखित पक्षहरु तथा विषयमा निर्णय गर्दा यदि कुनै पदाधिकारीको सो पक्ष वा बिषयसंग सम्बन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठककोनिर्णय प्रकृयामा तटस्थ रहनका लागि निर्देश गर्नुपर्नेछ ।

**आ) सहभागितामूलक तथा पारदर्शिरुपमा नीति निर्माण र निर्णय गर्नुपर्ने :**

नगाड कुपिण्डे नगरपालिकाबाट कुनैपनि नीति निर्माण, निर्णय वा योजना तर्जुमा, कार्यान्वयनतथा मूल्यांकन गर्दा हायमा उल्लेखित आचारहरुको पालन गर्नु गराउनुपर्नेछ ।

(क) जनप्रतिनिधि तथा पदाधिकारीहरुले योजनाको छनौट, प्राथमिकिकरण, कार्यान्वयन, अनुगमन, मूल्यांकनका विषयहरुमा लाभग्राही, उपभोक्ता तथासरोकारवालाहरुको व्यापक सहभागिता र प्रतिनिधित्व गराएर मात्र निर्णय दिनुपर्नेछ ।

(ख) वनगाड कुपिण्डे नगरपालिकाबाट निर्णय दिनुपर्ने विवादित विषयहरु, नियुक्ति वा सेवा सुविधा दिने वा लिने विषयका कुराहरु सहभागितामूलक तथापारदर्शिरुपमा गर्नुपर्नेछ ।

**१४. पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण गर्ने सम्बन्धमा :**

क) वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधिले कानून बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाकोरुपमा उपहार, पुरस्कार, चन्दा लिनु हुदैन त्यस्तो सेवा सुविधा दिनका लागि बाध्य पार्ने कुनैपनि व्यवहार गर्नु वा गराउनु समेत हुँदैन ।

ख) वनगाड कुपिण्डे नगरपालिकासंग कुनै खास विषयमा स्वार्थ निहित भएको वा सम्भाव्य स्वार्थ तथा जोखिम समावेश भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारकोमैत्रीव्यवहारहरु र आमन्त्रण जस्तै, भोजभतेर, खानपिन, मनोरञ्जन, बसोवास सुविधा, भाडा सुविधा, आदि लिनु वा दिनु हुँदैन ।

ग) वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीहरुले कार्यसमितिमा जानकारी नदिई कुनै पनि व्यक्ति, संस्था वा निकायबाट कुनैपनि दानवकस, चन्दा, उपहार स्वीकार गर्नु हुँदैन ।

**१५. पदाधिकारी र कर्मर्चचारीको क्षमता अभिवृद्धि तथा अवसर सम्बन्धमा :**

क) वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका अवसरहरु समानरुपमा सबैको लागि प्रयोग गर्न गराउनका लागि पहलगर्नु पर्नेछ ।

ख) क्षमता तथा वृति विकासका अवसरहरु प्रदान गर्दा महिला र अवसर नपाएका पदाधिकारी वा कर्मचारीहरुलाई उचित अवसर र प्राथमिकता प्रदान गर्नुपर्नेछ ।

## भाग – ३

## प्रचलित कानुन बमोजिम पालन गर्नुपर्ने आचारहरु

**१६. स्थानीय स्वायत्त शासन ऐनको प्रभ्रभावकारी कार्यान्वयन सम्बन्धमा :**

(१) वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीहरुले स्थानीयसरकार संचालन ऐन कानूनको प्रभावकारी कार्यान्यवन गर्न गराउनका लागि तत्परता देखाउनुपर्नेछ ।

(२) वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीहरुले स्थानीय सरकार संचालन ऐन नियम अनुसारका देहायमा उल्लेखित जनचासोका बिबरणहरु तयार गरी आमजनताले सजिलै हेर्न सक्ने गरी राख्नुपर्नेछ,

(क) प्रचलित कानूनमा व्यवस्था भए बमोजिम पदाधिकारीहरुको सम्पत्ति बिवरण

(ख) प्रचलित कानूनमा व्यवस्था भए बमोजिम पदाधिकारीहरुको बेरुजु तथा पेश्की फछ्र्यौट बिवरण

(ग) प्ररिषद् वा बोर्डले सार्वजनिक गर्न भनी तोकेका अन्य विवरणहरु:

**१७. अख्तियार दुरुपयोग तथा भ्रष्टाचार निवारण कानूनको कार्यान्वयनमा सहयोग पुर्‍याउनुपर्ने :**

(१)वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीहरुले प्रचलित कानून बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोग गरेको ठहरिने आचारहरु गर्नु वा गराउनु हुदैन ।

(२) मथि उल्लेखित आचारहरु बाहेक वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधिहरुबाट प्रचलित कानून वमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वाव्यवहार भएमा सम्बन्धित निकायमा जानकारी दिनुपर्नेछ र सम्वन्धित निकायबाट हुने छानविन तथा जाँचवुझमा सकृय रुपमा सहयोग गर्नुपर्नेछ ।

**१८. निर्वाचन आचारसंहिताको पालन गर्नुपर्ने :**

(१)वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधिहरुले निर्वाचनका बखत पालन गर्नुपर्ने आचारहरु निर्वाचन आयोगले तोके बमोजिम पालना गर्नुपर्नेछ ।

(२) निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन तथा पालन गर्न गराउन वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधिहरुले सहयोग गर्नुपर्नेछ ।

(३) वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीहरुले आफ्नो ओहदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रचार प्रसार वा सोसँग सम्बन्धित प्रयोजनका लागिआफू वा अरु कसैबाट प्रयोग गर्न वा प्रयोग गर्नका लागि दिनु हुँदैन ।

(४) निर्वाचन प्रयोजनकालागि यस्तो सुविधा दिन वा लिनका लागि वनगाड कुपिण्डे नगरपालिकाबाट संस्थागत रुपमा कुनै निर्णय गर्नु वा गराउनु समेत हुदैन ।

**१९. कर्मचारीहरुको आचारसंहिताको सम्बन्धमा :**

(१) माथि उल्लेख गरिएको अतिरिक्त देहायका आचरणको पालना गर्नु गराउनु वनगाड कुपिण्डे नगरपालिकाका कर्मचारीहरुको कर्तव्य हुने छ ।

क. वनगाड कुपिण्डे नगरपालिकाको काममा कुनै प्रकारले असर पर्न सक्ने गरी नगरपालिकाको पुर्व स्वीकृती विना कसैबाट कुनै प्रकारको दातव्य,कोशेली, उपहार आफूले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्नु दिनु हुदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहारप्राप्त हुन आएमा वनगाड कुपिण्डे नगरपालिकामा सो कुराको सूचना दिई निर्णय भए वमोजिम गर्नु पर्नेछ ।

ख. वनगाड कुपिण्डे नगरपालिकाको पूर्व स्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमकोआर्थिक सहायता लिनु हुदैन ।

ग. आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यका नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागेको मोल समेतको जानकारी सचिव मार्फतनगरपालिकामा पेश गर्नु पर्नेछ ।

घ. हाल वहाल रहेका वनगाड कुपिण्डे नगरपालिकाको कर्मचारीले यी नियमहरु लागू भएको तीन महिना भित्र तथा नया भर्ना हुने कर्मचारीले आफू नियुक्ति भएको मितिले १ महिना भित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा भएको चल अचल सम्पत्ति, सेयर, बैंक बैलेन्सको विवरण,गरगहना, सुन, चादीको विवरण सचिव मार्फत नगरपालिकामा पेश गर्न पर्ने छ ।

ङ वनगाड कुपिण्डे नगरपालिकाको लागि गरिने कुनै पनि कामको ठेक्का, टेण्डर, वोलपत्र आफै वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिनु हुदैन।

च. वनगाड कुपिण्डे नगरपालिकाको काम संग सम्बन्ध भएको कुनै व्यक्तिसंग सापटी लिन वा निजको आर्थिक कृतज्ञतामा पर्न हुदैन । तर बैंकसंगलेनदेन गर्दा यो नियम लागु हुने छैन ।

छ. कुनै किसिमको फाटका खेल्ने वा जूवा, तास, बाजी लगाउने जस्ता कार्य गर्नू हुदैन ।

ज. वनगाड कुपिण्डे नगरपालिकाको पुर्व स्वीकृत बिना कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेसन वा संचालनको काममा भाग लिन हुदैन ।

झ. वनगाड कुपिण्डे नगरपालिकाबाट अख्तियार नपाई आफुले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाटअनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेसलाई सूचना गर्न हुदैन ।

ञ. नेपाल सरकार वा वनगाड कुपिण्डे नगरपालिकाको काम कारवाहीमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफ्नो वास्तविक वा काल्पनिकनामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न वा रेडियो वा टेलिभिजनद्धारा प्रसारण गर्न हुदैन ।

ट. नेपाल सरकार वा वनगाड कुपिण्डे नगरपालिकाको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकासन गर्न हुदैन ।

ठ. वनगाड कुपिण्डे नगरपालिकाबाट निर्धारीत समयमा नियमित रुपले आफ्नो कार्यलयमा हाजिर हनु पर्छ र विदाको निकास नलिई आफ्नो काममाअनुपस्थित हुन हुदैन ।

ड. कार्यालयको गोप्यता भंग गर्नु हुदैन ।

ढ. वनगाड कुपिण्डे नगरपालिकाको काम सम्बन्धि कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आज्ञालाई सिघ्रता र परिश्रमको साथ पुरा गर्नु पर्छ ।

ण. वनगाड कुपिण्डे नगरपालिकाको कर्मचारीले आफू भन्दा माथिका सबै पदाधिकारी तथा कर्मचारी प्रति उचित आदर देखाउनु पर्छ ।

त. आफ्नो नोकरी सम्वन्धि कुरामा मतलव साध्य गर्न आफू भन्दा माथिका पदाधिकारी तथा कर्मचारी माथि कुनै राजनैतिक वा अरु अवान्छनीयप्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुदैन ।



CamScanner

थ. वनगाड कुपिण्डे नगरपालिकाको कुनै कर्मचारीले मुलुकी ऐन विहावारीको महलको विपरित हुने गरी विवाह गर्न गराउन हुदैन ।

द. कुनै पनि राजनैतिक पदको निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुदैन । तर, प्रचलित कानून वमाजिम पाएको मतदानको अधिकार प्रयोग गर्न यसले वन्देज लगाएको मानिने छैन ।

ध. आफूले वुझाउनु पर्ने नगद निन्सी कागज जे जति छ सवै म्याद भित्र बुझाईदिनु पर्छ र बुझ्नु पर्नेले पनि म्याद भित्र बुझि लिनु पर्ने छ ।

न. वनगाड कुपिण्डे नगरपालिकामा कार्यरत कर्मचारीहरुले अरुप्रति सम्मानजनक व्यवहार गर्ने, एकअर्काप्रति झुटा लाञ्छना नलगाउने, रिस राग द्वेष नराख्ने,शिष्ट भाषाको प्रयोग गर्नु पर्ने तथा एकअर्काको विषयमा अनावश्यक टिकाटिप्पणी गर्नु वा अतिसयोक्तिपूर्ण अभिव्यक्ति दिनु हुँदैन ।

प. कार्यालय समय वा पदीय काम गर्दा मादक वा लागु पदार्थको सेवन गर्नु हुँदैन र तोकिएको स्थान वाहेक कार्यालय हाता भित्र तथा सार्वजनिकसभा, समारोह, बैठक, आदि स्थलहरुमा धुम्रपान गर्नु हुँदैन ।
फ. कर्मचारीले आफ्नो सेवलाई मर्यादित वनाउन सधैं सकारात्मक रहनु पर्दछ ।

ब. सेवा प्रवाह गर्दा नगरपालिकाले जारी गरेको नागरिक वडापत्र अनुरुप कार्य सम्पादन गर्नुपर्छ ।सेवा प्रवाहका सिलसिलामा प्रक्रियागत जटिलता नदेखाई सरल कार्यसैली अपनाउन सचेतष्ट रहनु पर्दछ ।

भ. प्रचलित कानून बमोजिम आफूलाई प्राप्त तजविजी अधिकारको प्रयोग गर्दा वदनियत वा स्वेच्छाचारीरुपमा गर्नु वा गराउनु हुँदैन ।

म. प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग जे कामका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि गर्नुपर्छ र अन्य उद्देश्य वा कार्यकालागि सो अख्तियारीको प्रयोग गर्नु वा गराउनु हुँदैन ।

२) वनगाड कुपिण्डे नगरपालिकामा कार्यरत कर्मचारीहरुले यो आचारसंहिताको पालन गर्न गराउन आवश्यक सहयोग र्नुपर्नेछ ।

३) वनगाड कुपिण्डे नगरपालिकामा कार्यरत कर्मचारीहरुले प्रचलित कानून बमोजिम निजले पालन गर्नुपर्ने आचारहरु रा गरे नगरेको बिषयमा यसआचारसंहिता अनुसार गठित अनुगमन समितिले जाँचबुझ तथा छानविन गर्न सक्नेछ । यस्तो जाँचवुझ तथा छानविनको विवरण वनगाड कुपिण्डे नगरपालिकाले राख्नुपर्नेछ । यसरी राखेको बिवरण म्वन्धित निकायमा विभागीय कार्वाहीका लागि पठाउनु पर्नेछ ।



CS CamScanner

भाग – ४

## आचारसंहिताको कार्यान्वयनमा संस्थागत पहल तथा सहयोग

**२०. संस्थागत पहल र सहयोग सम्बन्धमा :**
यस आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि संस्थागतरुपमा कार्यान्वयन गर्नु र सहयोग पुऱ्याउनु शारदा नगरपालिकाको जिम्मेवारी हुनेछ । वनगांड कुपिण्डे नगरपालिकाका संस्थागत आचारहरु देहायमा उल्लेख भए बमोजिम हुनेछन् ।

**(१) सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन सम्बन्धी नीति बनाई लागु गर्नुपर्ने :**

(क) योजना तर्जुमा तथा कार्यक्रमको वितरण वा विकास गतिविधि संचालन गर्दा विभिन्न आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौगोलिक आधारमा रहेका समुदायहरुबीच उचित संतुलन सुनिश्चित गर्ने मापदण्ड, प्रकृया तथा पद्धतिको विकास गर्नुपर्नेछ । वनगाड कुपिण्डे नगरपालिकाबाट प्रदान गरिने सेवा वा सुविधामा समानअवसर वा समन्यायिक आधारमा अवसरहरु प्रदान गरिने नीति बनाई लागु गर्नु पर्नेछ ।

(ख) जनतालाई सेवा प्रदान गर्ने कार्य तथा यस आचारसंहिताको कार्यान्वयनमा नागरिक समाज तथा नीजि क्षेत्रलाई प्रेरित तथा प्रोत्साहित गर्नुपर्नेछ र यस्ता विषयमानिर्णय गर्दा सम्बन्धित क्षेत्रका प्रतिनिधिहरुको व्यापक सहभागितामां निर्णय गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(ग) योजना बमोजिम वनगाड कुपिण्डे नगरपालिकाबाट भएका खर्चहरु, खर्चको सीमा, प्राप्त नतिजा (उपलब्धी) को बिवरण र सो सम्बन्धमा भएका नीतिगतव्यवस्थाहरु तथा शर्तहरुको सबै पदाधिकारी तथा कर्मचारीबाट पूरा पालन भएको छ भन्ने विश्वास पर्ने सूचनाहरु बेलाबेलामा सबैको जानकारीका लागिप्रस्तुत गर्नुपर्नेछ ।

**(२) वनगाड कुपिण्डे नगरपालिकाका साधनश्रोतको प्रयोग सम्बन्धी नीति बनाई लागु गर्नुपर्ने :**
वनगाड कुपिण्डे नगरपालिकाका साधन श्रोतको न्यायोचित,प्रभावकारी र कुशल प्रयोग गर्ने वा हुने संयन्त्र तथा पारदर्शी कार्यपद्धतिको विकासका लागि नीति बनाई लागु गर्नुपर्नेछ ।

**(३) वनगाड कुपिण्डे नगरपालिकाको मानव संशाधन विकास सम्बन्धी नीति बनाई लागु गर्नुपर्ने :**
वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधि पदाधिकारीहरु त्थाकर्मचारीहरु लाई कामको बाँडफाँड गर्दा वा जिम्मेवारी प्रदान गर्दा विषयगत दक्षता र सीप समेतलाई उचित अवसर दिने गरी अन्य मापदण्डहरु बनाईलागु गर्नुपर्नेछ ।

**(४) पिछडिएका वर्ग तथा समूदायको शासनमा मूलप्रव्रवाहिकरण सम्बन्धी नीति बनाई लागु गर्नुर्पुपर्ने :**
वनगाड कुपिण्डे नगरपालिकाबाट रोजगारी तथा अन्य अवसरहरुप्रदान गर्ने सम्बन्धमा सामाजिक, आर्थिक, लैङ्गिक रुपले पिछडिएका वर्ग जातजाति वा धर्म समुदायका व्यक्तिहरुलाई प्राथमिकता दिने नीति निर्धारण गर्नुपर्नेछ।

**(५) वनगाड कुपिण्डे नगरपालिकासंग सम्बन्धित सूचनाहरुमा जनताको पहुँच बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने :**
वनगाड कुपिण्डे नगरपालिकाबाट प्रदान गरिनेसेवालाई जनमुखि, भरपर्दो, गुणस्तरीय बनाई सेवामा जनताको सहज पहुँचलाई बढाउन तथा आफ्ना कामकाजलाई पारदर्शी र जनउत्तरदायीरुपमा गर्नगराउनका लागि आवश्यक प्रवन्ध गर्नु वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीहरुको सामूहिक कर्तव्य हुनेछ ।

**(६) आचारसंहिताको कार्यान्वयन तथा सार्वजनिकीकरणका लागि आवश्यक व्यवस्था गर्नुपर्ने:**
वनगाड कुपिण्डे नगरपालिकाहरुले यस आचारसंहिताको कार्यान्वयन तथासार्वजनिकीकरणका लागि देहायमा उल्लेखित व्यवस्थाहरु गर्नुपर्नेछ ,

**) अनुगमन समितिलाई सहयोग पुऱ्याउनु पर्नेः**

आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनुपर्नेछ ।

**) कानूनी राय सल्लाह लिने व्यवस्था गर्ने :**

सदस्यहरुबाट यस आचारसंहिता तथा अन्य ऐनकानून द्वारा आफूलाई प्रदत्त अधिकार वा कर्तव्य पालनका सिलसिलामाकानूनी लगायतका अन्य विषयहरुमा राय, सल्लाह, सुझाव तथा सहयोग माग भएमा सो उपलब्ध गराउन सहयोग गर्नुपर्नेछ ।

**२२) नागरिक वडापत्र जारी गर्नुपर्ने :**

वनगाड कुपिण्डे नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई पारदर्शी तुल्याउन र जनतालाई सेवाको पहुंच सुनिश्चित गर्ननागरिक वडपत्र जारी गर्नुपर्ने छ । नागरिक वडपत्रमा देहायको विवरण समावेश गरी अध्यावधिक गर्दै जानुपर्नेछ ।

) नागरिकहरुले वनगाड कुपिण्डे नगरपालिकाबाट प्राप्त गर्ने सेवा तथा सुबिधाहरुको बिबरण, सोको लागि पुरागर्नुपर्ने कार्यविधि र प्रकृया, काम गर्दालाग्ने समय, शुःल्क, कामका लागि सम्पर्क राख्नुपर्ने जिम्मेवार व्यक्ति वा पदाधिकारीको विवरण, आदिसमेत स्पष्टरुपमा उल्लेख गरी नागरिक बडापत्रजारी गरी सम्वन्धित सबैको जानकारीका लागि सबैले देख्ने ठाउँमा टाँस गर्नुपर्नेछ ।

२) वनगाड कुपिण्डे नगरपालिकाले नागरिक बडापत्रमा उल्लेख भए अनुसार सेवा प्राप्त नभएमा सो उपर छिटो छरितो सुनुवाई हुने र छानविनबाट सेवाग्राही पक्षलाई कुनै क्षति वा हैरानी व्यहोर्नुपरेको देखिएमा पिडित पक्षलाई उपलब्ध हुने उपचारका बिषयमा प्रभावकारी व्यवस्था गर्नुपर्नेछ ।

**२३) पब्लिक डे वा नागरिक दिनको कार्यक्रमलाई व्यवस्थित गर्नेः**

वनगाड कुपिण्डे नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाको सम्वन्धमा प्रत्यक्ष प्रभावित हुने नगरवासीलाई नगरपालिका परिसरभित्र वा अन्य उपयूक्त स्थानमा आमन्त्रण गरी उनीहरुका समस्याहरु समाधान गर्ने सिलसिलामा जिम्मेवार पदाधिकारी र कर्मचारीकोप्रत्यक्ष रोहवरमा संगै वसी तत्काल निकास दिन स्वीकृत गरिएको पब्लिक डे वा नागरिक दिन व्यवस्थापन कार्यविधि निर्देशिका वमोजिम पब्लिक डे वा नागरिकदिनको कार्यक्रमलाई व्यवस्थित गर्ने दायित्व र जिम्मेवारी नगरपालिकाको हुने छ ।

CamScanner

## भाग – ५
## आचारसंहिताको पालन गर्ने गराउने व्यवस्था

**२४. आचारसंहिता अनुगुगमन समितिको गठन :**

(१) कुनै जनप्रतिनिधि पदाधिकारी वा कर्मचारीले यस नियम तथा अन्य प्रचलित कानून बमोजिम पालन गर्नुपर्नेआचारहरु उलंघन गरे, नगरेको सम्वन्धमा जांचवुझ तथा अनुगमन गर्नका लागि वनगाड कुपिण्डे नगरपालिकावाट देहायका सदस्यहरु रहेको एक आचारसंहिता
अनुगमन समितिको गठन गरिनेछ ।

क. नगरपालिकाले प्रमुख र उपप्रमुख वाहेक अन्य सदस्य मध्येवाट छानेको एक जना अध्यक्ष

ख. नगरपरिषदका सदस्यहरु मध्येवाट नगरपालिकाले छानेको एक जना महिला सहित दुई जना

ग. वनगाड कुपिण्डे नगरपालिकाले तोकेको एक जना अधिकृत कर्मचारी सचिव

(२) अनुगमन समितिका अध्यक्ष, सदस्य तथा सचिवमाथि नै यस आचारसंहिताको उल्लंघनमा उजुरी परी निर्णय गर्नुपर्ने अवस्था भएमा सो विषयको छलफल,जाँचवुझ तथा निर्णय प्रकृयामा निज सहभागी हुन पाउने छैनन् ।

(३) यस आचारसंहिताको संयुक्तरुपमा उल्लंघन गरेको भनी अनुगमन समितिका अध्यक्ष, सदस्यहरु तथा सचिव माथि कुनै उजुर परेकोमा त्यस उपरसम्बन्धित कार्यसमितिले छानविन गरी त्यसपछि वस्ने परिषदको बैठकमा पेश गर्नुपर्नेछ

(४) अनुगमन समितिका सदस्यहरुको पदावधी दुई बर्षको हुनेछ । यस समितिका सदस्यहरु लगातार दुई कार्यकाल भन्दा बढीका लागि निर्वाचित हुनसक्नेछैनन् ।
तर वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीहरुको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वत : समाप्त भएको मानिनेछ ।

**२५. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार :**

(१) अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहायमा उल्लेख भए अनुसारको हुनेछ,

(क) अनुगमन समितिले कुनै पदाधिकारी/कर्मचारीले आचारसंहिता उलघन गरे, नगरेको सम्वन्धमा उजुरी परेमा वा जानकारी हुन आएमा सो उपर जाँचवुझतथा छानविन गर्न सक्नेछ ।

(ख) अनुगमन समितिलाई जाँचवुझ तथा छानविनका सिलसिलामा समाव्हान जारी गर्ने र साक्षी प्रमाण वुझ्ने अधिकार हुनेछ ।

(ग) अनुगमन समितिका सदस्यहरुले वनगाड कुपिण्डे नगरपालिकाको सिफारिश तथा आमन्त्रणमा जुनसुकै वैठकमा उपस्थित भई समितिका कामका बिषयमाजानकारी दिन सक्नेछन् ।

(२) अनुगमन समितिको कामको लागि आवश्यक जनशक्ति, काम गर्ने ठाउँ, सामाग्री तथा उचित वातावरण बनाईदिने जिम्मेवारी वनगाड कुपिण्डे नगरपालिकाको हुनेछ ।

**२६. अनुगुगमन समितिको वैठक तथा कार्यविधि :**

(१) अनुगमन समितिको कार्य संचालन विधि देहायमा उल्लेख भए अनुसार हुनेछ,

(क) अनुगमन समितिको बैठक कम्तिमा महिनाको एक पटक, 1 वस्नेछ तर कुनै विषयमा उजुरी परी वैठक वस्नु परेमा आवश्यकता अनुसार बस्नसक्नेछ ।

(ख) अनुगमन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(ग) अनुगमन समितिले कारवाही गर्दा सम्बन्धित पदाधिकारी/कर्मचारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(घ) अनुगमन समितिले जाँचबुझबाट देखिएको बिबरण सहितको राय प्रतिवेदन वनगाड कुपिण्डे नगरपालिकाको बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।



CamScanner

(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तोक्न सक्नेछ

**२७. अनुगमन समितिका सदस्यहरुको सेवा तथा सुविधा :**
अनुगमन समितिका सदस्यहरुको बैठक भत्ता वनगाड कुपिण्डे नगरपालिकाको बोर्ड बैठकका सदस्यले पाए सरह हुनेछ । बैठक भत्ता वाहेक अन्य सुविधा उपलब्ध गराउन सकिने छैन ।

**२८. उजुरी :**
(१) कुनै पदाधिकारीले पेशागत आचार उल्लंघन गरेकोमा त्यस विषयमा अनुगमन समिति समक्ष उजुरी दिन सकिनेछ ।
(२) माथि (१) वमोजिम दिइने उजुरीमा कुन पदाधिकारी/कर्मचारीले कुन आचार उल्लंघन गरेको हो सोको आधार प्रमाण खुलाउनु पर्नेछ । वनगाड कुपिण्डे नगरपालिकाले उजुरी फारामको नमूना वनाई सवैले सजिलै प्राप्त गर्नसक्ने स्थानमा राख्नुपर्नेछ ।

(३) उजुरीको सम्वन्धमा कारवाही माग गर्दा अनुगमन समितिले उजुरवालासंग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

**२९. गोप्य राख्नुपर्ने :**
(१) अनुगमन समितिले उजुरवालाको नाम गोप्य राख्नु पर्नेछ ।
(२) प्राप्त उजुरीका आधारमा कुनै पदाधिकारी/कर्मचारी माथि लागेको आरोपमाथि छानवीन जारी रहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्यराख्नु पर्नेछ ।
तर आरोपका सम्बन्धमा भएको छानवीनको बिबरण उजुरवाला व्यक्तिलाई दिनुपर्नेछ ।

**३०. जांचवुझ :**
उल्लेखित आचारहरुको उल्लंघन गरेको बिषयमा समितिको राय सुझाव वा प्रतिवेदन आवश्यक कार्वाहिका लागि वनगाड कुपिण्डे नगरपालिकाको बोर्ड समक्ष पेशगर्नुपर्नेछ । यसो गर्नुपुर्व अनुगमन समितिले देहायका प्रकृयाहरु पुरा गर्नुपर्छ ।

(१) कुनै जनप्रतिनिधि वा पदाधिकारी वा कर्मचारीका विरुद्ध आचारसंहिता उल्लंघन गरेको कुनै उजुरी परेकोमा वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमाअनुगमन समितिले कार्वाही गर्न आवश्यक छ वा छैन भनि जाँचवुझ गर्न वा गराउन सक्नेछ ।

(२) माथि (१) वमोजिम जाँचवुझ गर्दा कुनै जनप्रतिनिधि, पदाधिकारी वा कर्मचारीउपर कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफाईपेश गर्न उचित मौका दिनुपर्नेछ ।
(३) उपनियम (२) बमोजिम सफाई पेश गर्ने मौका दिंदा सम्बन्धित जनप्रतिनिधि वा पदाधिकारी वा कर्मचारी विरुद्ध लागेको आरोप र त्यसको आधारहरु प्रष्ट गरी
वनगाड कुपिण्डे नगरपालिकाको बोर्ड बैठकमा पेश गर्नुपर्नेछ ।

**३१. अनुगमन समितिको सिफारिश कार्यान्वयन गर्नुपर्ने :** (१) वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधि पदाधिकारी तथा कर्मचारीहरुवाट यस आचारसंहितामाउल्लेखित कुराहरुको पालन नगरी आचारसंहिताको उल्लंघन गरेको भन्ने अनुगमन समितिको राय सिफारिश रहेकोमा वनगाड कुपिण्डे नगरपालिकाबाट सोकोकार्यान्वयन गर्नुपर्नेछ ।
(२) अनुगमन समितिबाट प्राप्त प्रतिवेदनलाई सार्वजनिक गर्नुभन्दा पहिले वनगाड कुपिण्डे नगरपालिकाको बोर्ड बैठकमा छलफलका लागि पेश गर्नुपर्नेछ ।



CamScanner

३) बोर्ड बैठकको निर्णय वनगाड कुपिण्डे नगरपालिकाको तत्काल पछि बस्ने परिषदको बैठकमा जानकारीका लागि स्तुत गर्नुपर्नेछ ।

) आचारसंहिताको पालनका बिषयमा वनगाड कुपिण्डे नगरपालिकाका परिषद तथा बोर्ड बैठकमा छलफल हुँदाका बत सम्बन्धित पक्ष, व्यक्ति, निकाय, नागरिकसमाज तथा संचार माध्यमका प्रतिनिधीहरुलाई सहभागी गराउन किनेछ ।

. आचारसंहिताको उल्लंघनमा सजाय :

यस आचारसंहिताको कार्यान्वयन गर्दा वनगाड कुपिण्डे नगरपालिकाबाट सजायकोरुपमा देहायमा उल्लेखित एकवा भन्दा वढी प्रकृयाहरु अपनाउन सकिनेछ ।

) सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई सचेत गराउने ।

) आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने ।

) सार्वजनिक सुनुवाइका लागि सार्वजनिक गर्ने, गराउने

) प्रचलित ऐन कानूनको उल्लंघन भएका अवस्थामा सम्बन्धित निकायमा सूचना दिने र आवश्यक कार्बाहीका लागि ी पठाउने ।

कर्मचारीको हकमा विभागीय कार्बाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

आरोपित पदाधिारीमाथि भएको कुनै पनि कार्बाहीका बिषयमा निज कुनै राजनीतिक दलसंग आवद्ध भएको हकमा बन्धित राजनितिक दललाईजानकारी गराउनुपर्ने ।

कार्वाहीको बिबरण सार्वजनिक गर्नुपर्ने :

ारसंहिताको कार्यान्वयनमा वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधि, पदाधिकारी, तथा कर्मचारी माथि कोकार्वाहिको बिबरण आमजानकारीका लागि वनगाड कुपिण्डे नगरपालिकाको सूचनापाटी र स्थानीय पत्रपत्रिकामा शित गर्नुपर्नेछ । सोको जानकारी राजनीतिकदलहरु, स्थानीय विकास मन्त्रालय, निर्वाचन आयोग, स्थानीय प्रशासन स्थानीय निकायका संघ महासंघहरुलाई गराउनुपर्नेछ ।

## भाग – ६
## विविध

**३४. आचारसंहिताको पालन गर्नु सबैको कर्तव्य हुने :**
(१) यो आचार संहिता जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको सेवा शर्तको एक भागको रुपमा रहनेछ ।
(२) यो आचार संहिताको पालन गर्नु प्रत्येक जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको कर्तव्य हुनेछ ।

**३५. पदाधिकारी तथा कर्मचारीहरुलाई आचारसंहिताको जानकारी दिनुपर्ने :**
वनगाड कुपिण्डे नगरपालिकाका पदाधिकारीको आचारसंहिता जनप्रतिनिधि, पदाधिकारी तथाकर्मचारीहरुलाइ अनिवार्य रुपमा जानकारी सहित हस्ताक्षर गराई बुझाउनु पर्नेछ ।

**३६. सरोकारवालाहरुलाई आचारसंहिताको जानकारी उपलव्ध गराउनुपर्ने:**
वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधिहरुको आचारसंहिता, समय समयमाआचारसंहितामा भएको संशोधनको विवरण तथा आचारसंहिताको कार्यान्वयनका बिबरणहरुको जानकारी बार्षिकरुपमा विभिन्न राजनीतिक दलहरु, स्थानीयविकास मन्त्रालय र स्थानीय निकायका संघ महासंघहरुलाई गराउनुपर्नेछ ।

**३७. आचारसंहिताको कार्यान्यनमा राजनीतिक दलको सहयोग :**
(१) कुनै पदाधिकारीबाट यस आचारसंहिताको उल्लंघन भएको ठहर भएमा निजमाथि लागेको आरोपतथा सो सम्बन्धमा सिफारिश भएको कार्वाहीको बिबरण समेत सम्बन्धित जनप्रतिनिधि सम्बद्ध राजनीतिक दललाई जानकारी गराउनुपर्नेछ ।

(२) जनप्रतिनिधि कुनै पनि राजनीतिक दलसंग सम्बद्ध नभएमा सोको जानकारी नागरिक समाजलाई दिनुपर्नेछ ।

(३) जाँचवुझका आधारमा जनप्रतिनिधी, पदाधिकारी उपर कार्वाहीका लागि भएको सिफारिशको कार्यान्वयन गर्ने, जनदवाव सिर्जना गर्ने वा सचेत गराउनेकाममा राजनीतिक दलहरु र नागरिक समाजको सहयोग माग गर्न सकिनेछ ।

**३८. आचारसंहिताको संशोधन :**
(१) वनगाड कुपिण्डे नगरपालिकाको परिषदबाट आचारसंहिता सम्बन्धी नियमहरुमा संशोधन गर्नसकिनेछ ।

(२) आचारसंहितामा भएको संशोधनको जानकारी सम्बन्धित सबै जनप्रतिनिधि, कर्मचारी, तथा सरोकारवालाहरुलाई दिनुपर्नेछ ।

(३) आचारसंहितामा संशोधन भएका खण्डमा आम जनताको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ ।

आज्ञाले

मोहन खड्क

प्रमुख प्रशासकीय अधिकृ



CamScanner